# झिमरुक गाउँपालिका

मच्छी, प्यूठान

# बजेट वक्तव्य

झिमरुक गाउँपालिका

२०७४

**झिमरुक गाउँसभाको बैठकमा २०७४ साल साउन २४ गते गाउँपालिकाका अध्यक्ष श्री तिलक बहादुर जि. सी. ज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७४/०७५ को बजेट वक्तव्यः**

माननीय सभाध्यक्षज्यू,

१. इतिहास देखि नै नेपाल एक स्वाधीन र सार्वभौमसत्तासम्पन्न मुलुकको रुपमा रही आएको छ। लामो समयसम्मको आम नेपाली जनताको प्रतीक्षा, विभिन्न संघर्ष, २०६२।६३ को जनआन्दोलन लगायतका उपलब्धीको रुपमा नेपालका संविधानको निर्माण गरी जारी भइ सकेर हाल कार्यान्वयनमा रहेको छ । अहिले हामी संविधानको सर्वस्वीकार्यता बढाउँदै कार्यान्वयनको चरणमा छौं । त्यही कार्यान्वयनको एउटा महत्वपूर्ण पक्षको रुपमा यस झिमरुक गाउँपालिकाको स्थापना भएको हो । स्थानिय तहको सञ्चालन तथा व्यवस्थापनको काम तत्कालको लागि जटिल र चुनौतिपूर्ण रहे तापनि यसलाई नयाँ नेपाल निर्माणको ऐतिहासिक अवसरको रुपमा लिएर अगाडि बढ्नुको विकल्प छैन ।

२. आज म यस झिमरुक गाउँपालिकाको अध्यक्ष यस गरिमामय सभामा आर्थिक वर्ष २०७४/०७५ को वार्षिक वजेट पेश गर्न उभिएको छु । यस गौरवपूर्ण अवसरमा जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायतका संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै, घाइते र वेपत्ता नागरिकहरुप्रति सम्मान प्रकट गर्दछु । राजनीतिक-सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु । स्थानीय तहको निर्वाचन सम्पन्न गराउन भूमिका खेल्नुहुने सम्बन्धित सबै पक्षहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

३. राजनैतिक क्षेत्रमा हामीले ऐतिहासिक फड्को मारेको छौं । संविधान घोषणा भई कार्यान्वयनमा आएपछि लामो समयको संक्रमणकालको अन्त्य भई मुलुक राजनीतिक स्थिरतातर्फ उन्मुख भएको छ । स्थानीय तहको निर्वाचन भई स्थानीय शासन र विकास निर्माणमा प्रत्येक नागरिक आफैं संलग्न हुने वातावरण बनेको छ । यो समयलाई आर्थिक सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरी जनचाहना पूरा गर्ने अबको हाम्रो बाटो भनेको तीब्र आर्थिक विकास नै हो ।

४. यस गाउँपालिकाको प्रस्तावित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलतः नेपालको संविधानका उल्लिखित एकल र साझा अधिकार सूची, आर्थिक अधिकार र आर्थिक कार्यप्रणाली, मौलिक हकहरु, आर्थिक,

सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग नीति, वातावरण संरक्षणसम्बन्धी नीतिहरु, नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु, नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, स्थानीय शासन सञ्चालन ऐन र नियमावलीका प्रावधानहरु, विकासका समसामयिक मुद्धाहरु, अर्थ मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र अन्यबाट प्राप्त मार्गदर्शन, सहभागिता योजना तर्जुमा अनुरुप बस्ती/टोलस्तरबात छनौट गरिएका आयोजना/कार्यक्रम, वडास्तरीय आयोजना/कार्यक्रमको प्राथमिकीकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरुको प्रतिवेदन समेतको आधार मानी तयार गरिएको छ ।

५. देश लोडसेडिङ्गमुक्त भई विकास निर्माणको कार्य तीव्र गतिमा अगाडि बढी ६.९ प्रतिशतको आर्थिक वृद्धि हुने अनुमान गरिएको छ । देश विकासको गतिमा अगाडि लम्किरहेको भए तापनि यस झिमरुक गाउँपालिका यातायात तथा सञ्चार आदिको न्यूनता तथा विकट पहाडि क्षेत्रमा रहेको परिप्रेक्षमा यस गाउँपालिकाले विकासको अनुभूति गर्न सकेको देखिदैंन । प्राकृतिक सौन्दर्यता, सांस्कृतिक विविधता, मेहनती र परिश्रमी जनता, भौगोलिक विशिष्टता र सौन्दर्यता यस गाउँपालिका समग्र प्यूठान कै सम्पत्तिको रुपमा रहेको छ । कृषि,  पर्यटन, जलविद्युत आदि जस्ता विषयमा प्रचुर सम्भावना बोकेको झिमरुक गाउँपालिका दिगो र समुचित श्रोत परिचालनको अभावमा अपेक्षित रुपमा सामाजिक, सांस्कृतिक र आर्थिक विकासमा पछाडि नै परीरहेको छ । यद्यपि उपलब्ध स्रोत र साधनको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोच, दृढ संकल्प र सामुहिक इच्छाशक्ति साथ यस गाउँपालिकाको नयाँ भविष्य कोर्ने जिम्मेवारी यस गाउँपालिकाका जनताहरुको काँधमा नै आएको छ । त्यसैले आर्थिक, सामाजिक, सांस्कृति, लगायत समग्र क्षेत्रको सन्तुलित र दीगो विकास गर्दै गरिबि, असमानता र भोकमरीको न्यूनिकरण गर्दै दीगो विकास लक्ष्य हासिल गरी देशकै एक नमुना गाउँपालिकाका रुपमा “हाम्रो झिमरुक, राम्रो झिमरुक” बनाउन कुनै वहानाले छेक्नु हुँदैन ।स्थानीय जनतालाई सन्तुलित र दीगो विकासको अनुभूति दिलाउनु, यस गाउँपालिकालाई राष्ट्रिय राजमार्गमा जोड्नु, राज्यबाट प्रवाह हुने सेवा सुविधालाई जनताको घरदैलोमा पुऱ्याई जनतालाई राज्यको अनुभूति दिलाउनु मुख्य चुनौतिको रुपमा रहेको छ । यसैगरी यस गाउँपालिकाको आन्तरिक उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नु, औपचारिक अर्थतन्त्रको विकास गर्नु, संघीयता कार्यान्वयन गर्दै शासकीय क्षमता अभिवृद्धि गर्नु पनि चुनौतिको रुपमा रहेको छ ।

६. हाम्रा सामु विभिन्न चुनौतिहरु रहको भएता पनि विद्यमान अवसरहरुको सदुपयोग र चुनौतिहरुको सामना गर्ने गरी यस आर्थिक वर्षको बजेट तयार गरेको छु । यस बजेटका उद्देश्यहरु यसप्रकार प्रस्तुत गरेको छु :

- संविधान कार्यान्वयनमा सहयोग गर्ने,
- भौतिक तथा सामाजिक पूर्वाधारको दीगो विकास गर्ने,
- कृषिको आधुनिकीकरण तथा व्यवसायिकरण गर्ने,
- शिक्षामा गुणस्तरीय सुधार गर्ने,
- सार्वजनिक प्रशासन तथा सेवा प्रवाहमा आम नागरिकको पहुँच अभिवृद्धि गर्ने ।

यी उदेश्यहरु हासिल गर्नका लागि निर्धारण गरिएका प्राथमिकताहरु यस अघि नै पेश गरेको नीति तथा कार्यक्रममा उल्लेख गरेको छु ।

माननीय सभाध्यक्षज्यू,

७. अब म यिनै चुनौति, उदेश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**आर्थिक विकासतर्फ**

८. आर्थिक विकास विना दीगो र सन्तुलित विकास सम्भव छैन भन्ने कुरालाई मध्यनजर गर्दै कृषि, पर्यटन, सहकारी, लगायतका क्षेत्रमा प्राथमिकताका साथ बजेट विनियोजन गरेको छु ।

९. व्यवसायिक, आधुनिक र आत्मनिर्भर कृषि प्रणाली विकासको लागि रु. १ करोड ८८ लाख ९५ हजारे विनियोजन गरेको छु । जसअन्तर्गत अगुवा कृषकलाई अनुदान, सहकारी तथा साना सिंचाइ कार्यक्रम, बालि विकास कार्यक्रम, कृषि प्रसार कार्यक्रम, पशु सेवा प्रसार, पशु स्वास्थ्य निगमन, उन्नत जातका रागाँ, बोका तथा बाखा खरिद कार्यक्रम र सहभागितामा आधारित विउ, विजन तथा घाँस अनुदान कार्यक्रम समावेश गरिएको छ ।

१०.पर्यटन क्षेत्रको विकास र विस्तार नै झिमरुकको पहिचान हो मान्यतालाई आत्मसाथ गर्दै यस क्षेत्रको विकासको लागि जोड दिएको छु । यसको लागि होमस्टे व्यवस्थापन, पूर्वाधार निमार्ण, पदयात्राको लागि सम्भाव्यवता अध्ययनको लागि आवश्यक रकमको विनियोजन गरेको छु। ओखरकोटमा होमस्टे सामुदायिक

भवन निमार्णको लागि रु. १५ लाख विनियोजन गरेको छु। रक गार्डेन व्यवस्थापनको लागि रु. १५ लाख विनियोजन गरेको छु। इश्ना थान, देउता पोखरी, दियाल्ना लगायतका क्षेत्रमा पर्यटकीय पूर्वाधार विकासको लागि रु. २३ लाख ७५ हजार विनियोजन गरेको छु।

**सामाजिक विकास**

११. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण जस्ता सामाजिक विकासका आयामहरुलाई उच्च प्राथमिकतामा राखेको छु।

१२. गुणस्तरीय तथा अनिवार्य शिक्षाको लागि शिक्षामा गुणस्तर सुधार, शिक्षकहरुको क्षमता अभिवृद्धि, विद्यालयको भौतिक व्यवस्थापन लगायतका क्षेत्रमा आवश्यक रकम विनियोजन गरेको छु। **झिमरुकको आवश्यकता शिक्षामा गुणस्तरता** लाई मध्यनजर राख्दैं गुणस्तरीय शिक्षाको लागि विद्यालयको लागि रु. १ करोड २० लाख चालू अनुदानको व्यवस्था गरेको छु।

१३. धर्म तथा संस्कृतिको संरक्षणको लागि प्राथमिकता दिएको छु। कुमाल संस्कृति संरक्षण, मन्दिर संरक्षण, चर्च संरक्षण, सराय नाच संरक्षण लगायतको लागि रु. ३३ लाख ५५ हजार विनियोजन गरेको गरेको छु।

१५. खानेपानी तथा सरसफाइको लागि रु. २ करोड १६ लाख ७७ हजार विनियोजन गरेको छु।

१६.स्वास्थ्य क्षेत्रको लागि बर्थिङ्ग सेन्टर व्यवस्थापन, ल्याव स्थापना, गाउँघर क्लिनिक, खोप केन्द्र, स्वास्थ्य स्वयंम्सेविका प्रोत्साहन तथा स्वास्थ्य शिविरको लागि सर्शत अनुदानको अतिरिक्त रु. १६ लाख ९२ हजार व्यवस्थापन गरेको छु।

१७. सामाजिक न्याय तथा समावेशीकरणलाई उच्च प्राथमिकता दिदै राज्यका सबै क्षेत्रमा विपन्न, महिला र वहिष्करणमा परेका समुदायको औचित्वपूर्ण सहभागिता सुनिश्चिता गर्न तथा शसक्तिकरण गर्न रु. ९६ लाख ८० हजार विनियोजन गरेको छु। असहाय तथा अपाङ्ग महिला खिमा के सीको पुर्नवासको लागि रु. ८० हजार विनियोजन गरेको छु। साथै सामाजिक सुरक्षा भत्ता टोल टोलमा पुगेर वितरण गर्ने व्यवस्था गरिने छ।

## पूर्वाधार विकास

१८. भौतिक पूर्वाधारको विकास विना अन्य क्षेत्रको विकासले गति लिन नसक्ने कुरालाई ध्यानमा राखि पूर्वाधार विकासको लागि उच्च प्राथमिकतामा राखिएको छ । यसको लागि रु. ६ करोड ६० लाख ९५ हजार विनियोजन गरेको छ ।

१९. सडकको निमार्ण तथा स्तरउन्नतीको लागि रु. ४ करोड ६६ लाख ७५ हजार विनियोजन गरेको छु । बादिकोट आहाल खोला कृषि सडक तथा पक्की पुल निमार्णको लागि रु. ५० लाख विनियोजन गरेको छु । चमेरे बागमारा नुवार सडकको लागि रु. २५ लाख विनियोजन गरेको छु । त्यसैगरी मच्छी बोकेटारी हुँदै पाकुरी रुख जाने सडकमा रु. २३ लाख, चुदाराफेदी बाँसटारी कुर्ले खोला हुदै बौडा सडकको लागि रु. २४ लाख, ढाड गब्दी टिमुरचौर दियाल्ना मोटर बाटोमा रु. २० लाख र ढाड बादिकोट पुर्कोट दह मोटरबाटोमा रु.१५ लाख विनियोजन गरेको छु ।

२०. ग्रामिण विद्युतिकरणको लागि रु. ४२ लाख विनियोजन गरेको छु । भने वडा नं. ५ को वडा कार्यालयको भवन निमार्ण सम्पन्न गर्न रु. २० लाख विनियोजन गरेको छु ।

## वतावरण तथा विपद व्यवस्थापन

२१. वन तथा भु संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन, विपद् व्यवस्थापन जस्ता कार्यका लागि रु. ६३ लाख ९ हजार १५३ विनियोजन गरेको छु । रु. १५ लाखको विपद् व्यवस्थापन कोषको व्यवस्था गरिने छ ।

## संस्थागत विकास तथा सेवा प्रवाह

२२. सार्वजनिक सेवा प्रवाहलाई जनमुखि तथा नागरिकमैत्री बनाउनका लागि सेवा प्रवाहलाई छिटो छरितो तथा प्रभावकारी बनाइने छ । त्यसको लागि सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग गरिने छ भने सेवा प्रवाह मापदण्ड निर्धारण गरिने छ । कर्मचारी तथा पदाधिकारीको क्षमता विकासको लागि आवश्यक तालिम तथा प्रविधिको व्यवस्थापनको लागि रकम विनियोजन गरेको छु ।

२३. आर्थिक पारदर्शिता, वित्तिय अनुशासन, वित्तिय जोखिम न्यूनिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तथा सुचना तथा संचार व्यवस्थापनका लागि आवश्यक रकमको विनियोजन गरेको छु ।

**पदाधिकारी तथा कर्मचारीको सेवा सुविधा सम्बन्धमा**

२४. आन्तरिक श्रोतबाट व्यवस्थापन गर्ने गरी गाउँपालिकाका अध्यक्षको मासिक पारिश्रमिक रु.२५ हजार, उपाध्यक्षको मासिक पारिश्रमिक रु. २० हजार, वडा अध्यक्षको मासिक पारिश्रमिक रु. १५ हजार र गाउँ कार्यपालिकाका अन्य सदस्यहरुको मासिक पारिश्रमिक रु.५ हजारको लागि रु. २५ लाख ३५ हजार विनियोजन गरेको छु ।

२५. गाउँ सभा, गाउँ कार्यपालिका, कार्यपालिका अन्तर्गतका समिति, वडा समिति र कर्मचारीको वैठक भत्ता तथा यातायात खर्चको लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।

२६. कर्मचारीहरुले प्राप्त गर्दै आएको सेवा सुविधालाई यथावत् राखिएको छ। कर्मचारीलाई कार्य सम्पादन आधारित रहेर आधारभूत तलबको ३० प्रतिशत प्रोत्साहन भत्ताको लागि बजेट विनियोजन गरेको छु ।

**आय व्ययको अनुमान**

२७. आगामी आर्थिक वर्षको लागि रु. ३६ करोड १० लाख ४४ हजार विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालुतर्फ रु. २२ करोड ८ लाख ९४ हजार १२ अर्थात् ६१.१७ प्रतिशत र पूँजीगततर्फ १४ करोड १९ लाख ४ हजार ९८८ अर्थात् ३८.८३ प्रतिशत रहेको छ । नेपाल सरकारबाट विषयगत कार्यालयको लागि प्राप्त सशर्त अनुदानको रकम, सामाजिक सुरक्षाको रकम र कृषि शाखा तथा पशु शाखाको लागि प्राप्त समानिकरण अनुदान समेत चालु खर्च अन्तर्गत राखिएकोले चालु खर्चको अंश बढी देखिन गएको हो ।

२८. कुल बजेटमध्ये चालु खर्च तर्फ वडा कार्यालयहरुको लागि रु. १ करोड ७३ लाख ३४ हजार ६९० , गाउँपालिकाको कार्यालयको लागि चालू अनुदान समेत रु ८ करोड ५२ लाख ४ हजार ३२२, सशर्त अनुदानको कार्यक्रम बाँडफाँड अनुसार रु. ११ करोड २१ लाख ७ हजार र सामाजिक सुरक्षा कार्यक्रमको रु. ५ करोड  विनियोजन गरिएको छ ।

२९ . पूँजीगत खर्चतर्फ आर्थिक विकासको लागि रु. ८१ लाख ३९ हजार २९५, सामाजिक विकासको लागि रु. ४ करोड ३८ लाख ३९ हजार, पूर्वाधार विकासको लागि रु. ६ करोड ६० लाख ९५ हजार, वातावरण तथा विपद् व्यवस्थापनको लागि रु. ६३ लाख ९ हजार १५३, संस्थागत विकास तथा सेवा प्रवाहको लागि रु. १ करोड ३३ लाख ७६ हजार ५४० विनियोजन गरिएको छ ।

३०. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये राजस्वबाट रु. ४५ लाख ५१ हजार, वित्तीय समानीकरण अनुदानबाट रु. १८ करोड ७ लाख ८६ हजार, सशर्त अनुदानबाट रु. ११ करोड २१ लाख ७ हजार, सामाजिक सुरक्षा कार्यक्रम बाट रु. ५ करोड र पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई परियोजनाबाट रु. ६० लाख रहने अनुमान गरिएको छ। यसरी व्यहोर्दा रु. ७६ लाख न्यून हुनेछ। सो न्यून पूर्ति गर्न रु. ७६ लाख गत आर्थिक वर्षको नगद मौज्दातबाट व्यहोरिनेछ।

माननीय सभाध्यक्षज्यू,

३१. यस झिमरुक गाउँपालिकामा आर्थिक गतिविधिले गति लिन नसकेको र जनतामा कर लिने बानीको विकास भैनसकेको अवस्थामा जनतामा कर तिर्ने बानीको विकास गराइ रु. ४५ लाख ५१ हजार राजस्व आर्जन गर्ने लक्ष्य रहेको छ। यसको लागि जनतामा चेतना अभिवृद्धि गर्दै सूचना तथा सहुलियतको माध्यमबाट स्वयं करदातालाई नै जागरुक गराउने प्रणालीलाई प्रवद्धन गर्ने नीति अख्तियार गरिने छ। साथै निर्धारण गरिएका कर शुल्क तथा दस्तुरहरु संकलनको लागि वडास्तरबाटै सक्रिय रुपमा लागिने छ। करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवं सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ, राजस्व चुहावटलाई नियन्त्रण गरिनेछ।

३२. प्रस्तुत बजेट तर्जुमामा सहयोग गर्नुहुने उपाध्यक्षज्यू, कार्यकारी अधिकृतज्यू, वडाध्यक्षज्यूहरु लगायत वडा समितिहरु, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, राष्ट्रसेवक कर्मचारीहरु, राजनैतिक दलका साथीहरु, नागरिक समाज, बुद्धिजीवि, पत्रकार, सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरु लगायत सम्पूर्ण झिमरुक गाउँपालिका निवासी जनता साथै देश विदेशमा रहनु भएका नेपाली दिदीबहिनी, दाजुभाइहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

३३. अन्त्यमा, यस झिमरुक गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुऱ्याउने झिमरुक गाउँपालिकाका नागरिक, करदाता, झिमरुक गाउँपालिकाको हित र समुन्नतिमा कार्यरत सबै विकास साझेदार, सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरु र सञ्चार माध्यम प्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु।

धन्यवाद !

# आय व्ययको विवरण

आ.व.२०७४/७५

अनुसूची-१

रु. हजारमा

| शीर्षक | | आ.व. २०७२/७३ को यथार्थ | आ.व. २०७३/७४ को संशोधित अनुमान | आ.व. २०७४/७५ को अनुमान |
|---|---|---|---|---|
| आयः | | | | ३६१०४४.००० |
| | राजस्वः | | | ४५५१.००० |
| | आन्तरिक राजस्व | | | ४५५१.००० |
| | राजस्व बाँडफाँडबाट प्राप्त रकम | | | ० |
| | अन्य आय | | | ० |
| | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ३४८८९३.०० |
| | नेपाल सरकारबाट प्राप्त समानिकरण अनुदान | | | १८०७८६.००० |
| | नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान | | | ११२१०७.००० |
| | नेपाल सरकारबाट प्राप्त सामाजिक सुरक्षा | | | ५००००.००० |
| | पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाइ परियोजना | | | ६०००.००० |
| व्ययः | | | | ३६१०४४.०० |
| | चालु खर्च | | | २२०८४९.०१२ |
| | पूँजिगत खर्च | | | १४०१९४.९८८ |
| बजेट बचत (+)/न्यून (-) | | | | -७६००.००० |
| वित्तीय व्यवस्था | | | | |
| | खुद ऋण लगानी | | | ० |
| | ऋण लगानी (-) | | | ० |
| | ऋण लगानीको सावाँ फिर्ता प्राप्ती (+) | | | ० |
| | खुद शेयर लगानी | | | ० |
| | शेयर लगानी (-) | | | ० |
| | शेयर बिक्रीबाट लगानी फिर्ता प्राप्ती (+) | | | ० |
| | | | | ० |
| | खुद ऋण प्राप्ती | | | |
| | ऋणको साँवा भुक्तानी (-) | | | |
| | ऋण प्राप्ती (+) | | | |
| अन्तिम बजेट बचत (+)/न्यून (-) | | | ० | -७६००.००० |

## राजस्व तथा अनुदान प्राप्तिको अनुमान

आ.व.२०७४/७५

अनुसूची-२

रु. हजारमा

| शीर्षक | | आ.व. २०७२/७३ को यथार्थ | आ.व. २०७३र७४ को संशोधित अनुमान | आ.व. २०७४/७५ को लक्ष्य |
|---|---|---|---|---|
| **राजस्वः** | | ० | | **४५५१.०००** |
| | **आन्तरिक राजस्वः** | | | ४५५१.००० |
| | सम्पत्ती कर | | | ७००.००० |
| | घरबहाल कर | | | २००.००० |
| | सवारी साधन कर | | | ३०.००० |
| | सेवा शुल्क, दस्तुर | | | १७००.००० |
| | पर्यटन शुल्क | | | ५.००० |
| | विज्ञापन कर | | | १.००० |
| | व्यवसाय कर | | | ९००.००० |
| | भूमिकर (मालपोत) | | | १०००.००० |
| | मनोरञ्जन कर | | | ५.००० |
| | बहाल विटौरी कर | | | १०.००० |
| | | | | |
| | **राजस्व बाँडफाँडः** | | ० | ० |
| | राजस्व बाँडफाँड प्राप्ति (+) | | | ० |
| | राजस्व बाँडफाँड हस्तान्तरण (-) | | | ० |
| | **अन्य आयः** | | | |
| | साविक स्थानीय निकायबाट हस्तान्तरण भई प्राप्त रकम | | | ० |
| | बेरुजु असुली | | | ० |
| | गत वर्षको नगद मौज्दात | | | ७६००.००० |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरणः** | | | | **२९२८९३.०००** |
| | **नेपाल सरकारबाट प्राप्त अनुदानः** | | | **२९२८९३.०००** |
| | वित्तीय समानीकरण अनुदान | | | १८०७८६.००० |
| | सशर्त अनुदान | | | ११२१०७.००० |